Date: ______ Page: ______

५२औं

आज मिति २०७६।३।३० गतेका दिन पाटन नगरपालिका पाटन बैतडी का नगर प्रमुख श्री केशव बहादुर चन्द ज्यू को अध्यक्षतामा नगरकार्यपालिकाको ५२ औं बैठक तपसिल बमोजिम को उपस्थितीमा बसी देहाय का विषयमा छलफल गरी निर्णय गरीयो।

तपसिल

| हस्ताक्षर | क्र.सं. | नाम | पद | वडा |
|---|---|---|---|---|
| [signature] | १. | श्री केशव बहादुर चन्द | नगर प्रमुख | |
| Saraswati | २. | श्री सरस्वती कोली | नगर उपप्रमुख | |
| | ३. | श्री गणेश प्रसाद भट्टराई | वडा अध्यक्ष | १ |
| [signature] | ४. | श्री महेन्द्र प्रसाद पन्त | वडा अध्यक्ष | २ |
| [signature] | ५. | श्री फतेन्द्र सिंह बिष्ट | वडा अध्यक्ष | ३ |
| Dhanakhadka | ६. | श्री दिपक सिंह बिष्ट | ,, | ४ |
| [signature] | ७. | श्री फूनी बोहरा | ,, | ५ |
| [signature] | ८. | श्री राजेन्द्र सिंह बिष्ट | ,, | ६ |
| [signature] | ९. | श्री ललित बहादुर चन्द | ,, | ७ |
| [signature] | १०. | श्री पृथ्वी राज पन्त | ,, | ८ |
| [signature] | ११. | श्री लोक बहादुर भण्डारी | ,, | ९ |
| [signature] | १२. | श्री देवेन्द्र कुवँर | ,, | १० |
| मनिराम | १३. | श्री मनिराम लुहार | कार्यपालिका सदस्य | |
| [signature] | १४. | श्री शालिग्राम लुहार | ,, | ,, |
| [signature] | १५. | श्री पदमा बिष्ट | ,, | ,, |
| Sunita | १६. | श्री सुनीता ओड | ,, | ,, |
| Basanti | १७. | श्री बसन्ती ठगुन्ना | ,, | ,, |
| [signature] | १८. | श्री बलदेव राम लुहार | ,, | ,, |
| | १९. | श्री सुनिता भट्ट | ,, | ,, |
| बिमला | २०. | श्री बिमला सार्की | कार्यपालिका सदस्य | |
| | २१. | श्री सूर्य बहादुर सिंह | प्रमुख प्रशासकीय अधिकृत | |

Date: ________ Page: ______

प्रस्तावहरू:

१) प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा ।
२) डि.पि.आर. सम्बन्धमा ।
३) सूचना तथा सन्देश प्रसारण को रकम भुक्तानी सम्बन्धमा ।
४) निर्माणाधीन भवन को भुक्तानी सम्बन्धमा ।
५) सडक को भुक्तानी सम्बन्धमा ।
६) लागत स्टिमेट सम्बन्धमा ।
७) सडक सरसफाई सम्बन्धमा
८) क्रिकेट खेलका को ~~ब~~ लागी खरिद गरीएको सामान सम्बन्धमा ।
९) पुल संरक्षक को पारिश्रमिक सम्बन्धमा ।
१०) आगामी आ. व. को बजेट सम्बन्धमा ।
११) शिक्षक समायोजन सम्बन्धमा
१२) शिक्षा तर्फ सशर्त अनुदान रकम सम्बन्धमा ।
१३) पाठ्यपुस्तक को रकम सम्बन्धमा ।

निर्णय नं.१ :- प्रस्ताव नं. १ माथि छलफल गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा यस नगरपालिका अन्तर्गतका विभिन्न वडा कार्यालयहरूले सामग्री खरीद गरेकाले सोको भुक्तानी दिने र बैंक मार्फत खाता खोल्न नसकेका बेरोजगार हरु को पनी काम गरेबापत को रकम सोझै भुक्तानी गर्ने निर्णय गरीयो।

निर्णय नं.२ :- प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रममा समावेश गरीएका वडा नं. १० र वडा नं. ६ का डि.पि.आर. सम्पन्न भएका सिद्पुर मरे डि बोरिङ, खानेपानी योजना, पनाती रुपलेधारा खानेपानी योजना र मेलालौङ डि. बोरीङ, खानेपानी योजना कैलपाल को डि.पि.आर. गरेबापत को रकम भुक्तानी गर्ने निर्णय गरीयो।

निर्णय नं.३ :- प्रस्ताव नं.३ माथि छलफल गर्दा पाटन नगरपालिका अन्तर्गत का सम्पूर्ण वडा कार्यालय तथा नगर कार्यपालिका संग सम्बन्धीत विभिन्न सुचना तथा सन्देश प्रशारण गरे बापत यस नगर कार्यपालिका तथा वडा कार्यालय संग पेश भएका सम्पूर्ण बिलहरूको रकम समायोजन गर्ने गरी रेडियो सेवा स्टार एफ.एम लाई रु २,५०,०००/- र रेडियो सिङगालाघौनी एफ.एम लाई रु १,००,०००/- रकम ~~[illegible]~~ • आर्थिक प्रशासन शाखा संग समन्वय गरी मिल्ने शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरीयो।

निर्णय नं.४ :- प्रस्ताव नं. ४ माथि छलफल गर्दा पाटन नगरपालिकाको निर्माणाधिन भवनको भुक्तानी प्राविधिक को कार्य सम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गर्ने निर्णय गरीयो।

निर्णय नं.५ :- प्रस्ताव नम्बर ५ माथी छलफल गर्दा पाटन नगरपालिका ६ स्थित किम्तोली उपल्ला बाटुला सडक, छिनिमोड गोडाली जुजर वडा कार्यालय सडकको निर्माण कार्य सम्पन्न भैसकेकाले प्राविधिक को कार्य सम्पन्न प्रतिवेदनको आधारमा रकम भुक्तानी गर्ने निर्णय गरीयो।

साथै आगामी आ.व. मा लाउनाक्षेत्र किम्तोली उपल्ला बाटुला सडक को तीन सदस्यीय टोली मूल्यांकन गर्ने पश्चात् निर्णय गर्ने।

निर्णय नं. ६ :- प्रस्ताव नम्बर ६ माथि छलफल गर्दा केही स्टमेटहरू नपाई प्रतिलिपी मात्र प्राप्त भएकोले योजनाको मूल्याङ्कन गरी भुक्तानी दिने निर्णय भयो। साथै भुक्तानी भएका योजनाहरू को समर्थन गर्ने निर्णय गरीयो।

निर्णय नं.७ :- प्रस्ताव नम्बर ७ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गत का [illegible] वडा हरू मा सडक सफाई गरीएको र उक्त रकम तपसिल अनुसार का सडक हरू मा तपसिल को दर अनुसार भुक्तानी गर्ने निर्णय गरीयो।

| तपसिल | रकम |
|---|---|
| १. कैलाली ढुंगेली हरी लिउडेगडा, लोहनभाडी फेनुवे | २,२५,०००/- |
| २. वडा स्तरीय सडक सफाई गुजर पायर ३ | ३,००,०००/- |
| ३. वडा स्तरीय सडक सफाई भुगेश्वर पायर ४ | २,००,०००/- |
| ४. वडा स्तरीय सडक सफाई सिद्धर पायर-१० | २,००,०००/- |
| ५. वडा स्तरीय सडक सफाई कैलपाल पायर ७ | २,००,०००/- |
| ६. वडा स्तरीय सडक सफाई सिद्देश्वर पायर ९ | ५,००,०००/- |
| ७. वडा स्तरीय सडक सफाई वसन्तपुर पायर ५ | २,६०,०००/- |

निर्णय नं.८ :- प्रस्ताव नम्बर ८ माथि छलफल गर्दा क्रिकेट खेल का लागी यस नगरपालिकामा प्राप्त भएका सामानहरू को बिल बमोजिम को रकम आर्थिक प्रशासन शाखा संग समन्वय गरी मिल्ने शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरीयो।

निर्णय नं.९ :- प्रस्ताव नम्बर ९ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गत का विपन्न मर्मत का लागी नीकिएका पुल संरक्षक लाई तलब भत्ता शिर्षक बाट रु ६०००/- मासिक का दरले उपलब्ध गराउने निर्णय गरीयो।

निर्णय नं.१० :- प्रस्ताव नम्बर १० माथि छलफल गर्दा आगामी आ.व. ०७६।७७ को बजेट तथा कार्यक्रम नगरप्रमुख ज्यू ले पेश गरेको संसोधन सहित आगामी नगरसभामा पेश गर्ने निर्णय गरीयो।

[signature]

निर्णय नं. ११ :- प्रस्ताव नं. ११ माथि छलफल गर्दा कक्षा नम्बर ४ को कार्यक्रममा कृषि औजार भएकोमा उक्त शिर्षकलाई परिवर्तन गरी कृषकहरूका लागी आवश्यक सामग्री खरिद गर्ने (शिर्षक राख्ने) निर्णय गरियो।

प्रस्ताव - शिक्षण सिकाइ सहयोग अनुदान रकम सम्वन्धमा ।

निर्णय नं १२ प्रस्ताव नम्वर १२ माथि छलफल गर्दा सशर्त अनुदानको रुपमा वितिय हस्तान्तरण गरि संघिय सरकारवाट प्राप्त शिक्षण सिकाइ सहयोग अनुदान रकम रु १८३००००/-( आठार लाख तीस हजार) यस पाटन नगरपालिका भित्रका विद्यालय संचालनको अनुमति लिइ संचालन भइरहेका तर अहिले सम्म एउटा पनि स्वीकृत दरबन्दि वा राहत कोटा नपाएका तपशिल अनुसारका आधारभुत तहका विद्यालयहरुलाई प्रति विद्यालय रु ८३१८१/-( त्रियासी हजार एक सय एकासी ) का दरले अनुदान स्वरुप विद्यालयहरुलाई दिने निर्णय सर्वसम्मतिवाट पारित गरियो ।

तपशिल

| क्र स | विद्यालयको नाम | संचालित कक्षा |
|---|---|---|
| १ | जनसक्ति प्रा वि डुव्कै | १-५ |
| २ | भगवती प्रा वि जमकट्टे | १-३ |
| ३ | सिगास प्रा वि गैलेक | १-३ |
| ४ | सिगास प्रा वि मटे | १-३ |
| ५ | वालजाग्रीति प्रा वि रुपल्ली | १-३ |
| ६ | दुर्गा वेताल प्रा वि गराल्लेक | १-४ |
| ७ | महेश्वर आ वि रिसेडी | १-८ |
| ८ | कालिका आ वि साकार | १-८ |
| ९ | कैलास आ वि डैसेली | १-८ |
| १० | उदयदेव आ वि धन्चुली | १-८ |
| ११ | सिद्धद्धिप आ वि खोड्पे | १-८ |
| १२ | जनता आ वि पोखरी | १-८ |
| १३ | डाडावाग आ वि हिरापुरा | १-८ |
| १४ | ब्रहम आ वि हतास | १-८ |
| १५ | जनप्रिय आ वि काक्स्याली | १-८ |
| १६ | भगवती आ वि सुकेली | १-८ |
| १७ | वालकल्याण आ वि वोहरीगॉउ | १-८ |
| १८ | सरस्वती आ वि गुत्थडी | १-८ |
| १९ | जयपुर आ वि उपल्लावाटुला | १-८ |
| २० | सिद्धेश्वर मा वि हुक्केडाडा | १-१० |
| २१ | लक्ष्मी आ वि सन्तोली | १-८ |
| २२ | शिवसक्ती आ वि बगाउ | १-८ |

निर्णय नं.१३ :- प्रस्ताव नं. १३ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गत विद्यालयहरुमा अपुग भएको पाठ्यपुस्तक को रकम विद्यालयबाट प्राप्त भएको अपुग पाठ्यपुस्तक को विद्यार्थी विवरण र बिल बमोजिम अपुग रकम भुक्तानी गर्ने निर्णय गरियो।